शुद्धोधन भवन निर्माण मापदण्ड २०७५ को घर नक्सा नियमित सम्बन्धि विशेष व्यबस्था (मापदण्ड २५) निम्नानुसारका दफाहरु थप गरिएको

९) भवन मापदण्ड २०७५ लागु भैसकेपछि निर्माण भएका तर गा पा को भवन तथा बस्ति विकास उपशाखामा नक्सा दर्ता एबम् पासको प्रक्रियामा नगई घर निर्माण गरेमा १०० % जरिमाना लिई नियमति सम्पन्न प्रमाण दिईने छ ।

१०) मापदण्ड बमोजिम बाटोको क्षेत्राधिकार नपुगेर रोकिएका भवनहरुलाई जे जस्तो अवस्थामा छ सोहि अवस्थामा नियमित गरिने छ ।

क)सडकको हकमा चलनचल्तीको बाटो / कायम रहेको बाटो भनेर बुझ्नुपर्नेछ तर शुद्धोधन गाउँपालिकाको योजना तथा भवन निर्माण सम्भन्धी आधारभूत मापदण्डहरुको कार्यविधिको दफा ११ को शर्त लागु हुनेछ।

ख)घर नक्सा नियमित सम्बन्धमा कायम रहेको चलनचल्तीका बाटाहरुमा नियमित सम्पन्न प्रमाण पत्र दिइने छ, तर घर नक्शा नियमित सम्बन्धि बिशेष ब्यवस्थाको दफा ५ कार्यान्वन भएको खण्डमा दिइने छ।

ग)मापदण्ड बमोजिम बाटोको क्षेत्राधिकार तथा लालपुर्जाको जग्गा समेत पुगेको तर दुई बिचमा बचेको जग्गालाई सार्वजनिक मानि नियमित गरिने छ ।



# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १२ शुद्धोधन, पुस १९ गते, २०८० साल संख्याः १२

शुद्धोधन गाउँपालिकाको भवन निर्माण मापदण्ड, २०७५ (पहिलो संशोधन २०८०)

शुद्धोधन भवन निर्माण मापदण्ड २०७५ को परिभाषा २ को सि.नं.७६ घर नक्सा नियमित सम्बन्धी व्यवस्थामा तपसिल बमोजिम थप व्यवस्था गरिएको बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा शुद्धोधन गाउँपालिकाको घरनक्सा पास प्रयोजनाको लागि नियमित घरनक्सा पास भन्नाले शुद्धोधन गाउँपालिका क्षेत्रभित्र बि.सं २०७५ वा शुद्धोधन भवन निर्माण मापदण्ड २०७५ लागु हुनु अगावै निर्माण सम्पन्न वा निर्माणाधीन रहेका घरहरुको शुद्धोधन गाउँपालिकामा नक्शा दर्ता भएका वा नभएका, भवन निर्माण संहिता पालना गरि वा नगरी निर्माण भएका

घरहरुलाई स्ट्रक्चरल (structural) सुरक्षाको जिम्मेवारी स्वंय घरधनीमा रहने गरि अन्य आवश्यक मापदण्ड (सडक र सार्बजनिक जग्गाहरुको क्षेत्रधिकार) पालना गरि बानाईएका घरको नक्सा दर्ता गरि प्रमाणीकारण गर्ने कार्यलाई बुझ्नु पर्दछ। शुद्धोधन भवन निर्माण मापदण्ड २०७५ को ७ नं. मापदण्डको योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्डहरुमा देहाएका विषयहरु थप गरिएको

५७) शुद्धोधन गाउँपालिका भित्र आवास निर्माण गर्दा नक्शा पास गरेको मितिले चार वर्ष सम्ममा कार्य सकेर गाउँपालिका देखि स्थलागत निरिक्षण गरिएको तर समय भित्र सम्पन्न प्रमाण पत्र लिन नआएका घर धनिहरुका हकमा पुनः प्रक्रियामा गई नयाँ दर्ताको लागि राजश्व तिरी आएको अवस्थामा निर्माण सम्पन्न प्रमाण पत्र दिने र नक्शा पास गरेको मितिले चार वर्ष भित्रमा निर्माण कार्य सम्पन्न भएको तर सो समयभित्र गाउँपालिकालाई स्थलागत निरिक्षण गर्न जानकारी नगराईएको अथवा कुनै पनि ईजाजत पत्र नालिएको खण्डमा सो प्रकारको नक्साहरुलाई नियमित निर्माण सम्पन्न पत्र दिईने छ।





५८) भवन नक्सा निर्माण गर्दा अपनाइने मापदण्ड सम्बन्धमा यस शुद्धोधन गाउँपालिका भित्र नयाँ भवन तथा नक्सा पास गर्दा अनिवार्य रुपमा सम्बन्धित घर धनिहरुले बाथरुम तथा किचनबाट निस्केका फोहोरमैला स्वयम् आफैले आफ्नै जग्गामा ब्यवास्थ्यापन गर्नुपर्ने एबम माथि उल्लेखित श्रोतबाट निस्केको फोहोरमैला सार्वजनिक सिंचाई, नहर, कुलो लगायत अन्य पानीका श्रोतहरुमा अब्यवास्तित तथा अनियन्त्रित ढङ्गले बिसर्जन नगर्ने/ नगराउने ।

५९) नयाँ भवन निर्माणको हकमा निर्माण इजाजत पत्र पाएको मितिले दुई वर्ष भित्रमा निर्माण कार्य पुरा नगरे नबिकरण दस्तुर राजस्वको ७% लाग्ने छ ।

६०) घर नक्सा नियमति वा नयाँ घर निर्माणको लागि अनुमति दिदा जग्गाधनि प्रमाण पुर्जा/ रजिस्ट्रेसन पास गरि लिईएको जग्गाको क्षेत्रफल भन्दा नापी बिभागको नापी कार्यालयबाट प्राप्त ब्लु प्रिन्ट नक्साको क्षेत्रफल घटी वा बडी भएमा नक्सा संसोधन गर्न सम्बन्धित कार्यालयमा पठाईने छ ।